दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक ११७ | बुटवल | २०८३ बैशाख १४ गते, सोमबार | नेपाल संवत ११४६ | Monday April 27, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**राम्रो घडेरी बिक्रीमा**

तिलोत्तमा–१ शंकरनगर प्यारामाउण्ट स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कठ्ठा जग्गा खरिद गर्न चाहनेले तुरून्तै सम्पर्क गर्नुहोला।

**सम्पर्क नम्बर: ९८०१८२७९५०**


## वृद्ध मृत फेला



गुल्मी। गुल्मीको इस्मा गाउँपालिका-१ हर्पुकोट भेडाबारी क्षेत्रस्थित ठूला खोलाको बगरमा एक वृद्ध मृत अवस्थामा फेला परेका छन्।

१२ बैशाख बिहान करिब ७ बजे घरबाट अमला टिप्न जान्छु भन्दै हिँडेका ८७ वर्षीय नेरुप्रसाद घिमिरे घर नफर्किएपछि आफन्त तथा स्थानीयले खोजतलास गरेका थिए।

खोजीका क्रममा उनलाई भोलिपल्ट १३ बैशाख बिहान करिब ८ बजे खोलाको बगरमा घोप्टो अवस्थामा मृत फेला पारिएको प्रहरीले जनाएको छ।

घटनाबारे जानकारी पाएलगत्तै प्रहरी चौकी हस्तिचौरबाट प्रहरी हवल्दार राधेश्याम यादवको कमाण्डमा दुई जनाको टोली खटिएको थियो।

घटनाबारे थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय गुल्मीबाट प्रहरी निरीक्षक पर्वतकुमार केसीको नेतृत्वमा टोली खटिएको छ।

## झण्डै तीन गुणाले बढ्यो जुट धागोको आयात



बुटवल। नेपालका जुट उद्योगहरूले कच्चा पदार्थको अभाव झेल्न थालेपछि अर्धतयारी वस्तु (जुटको धागो)को आयात बढाउन थालेका छन्।

स्वदेशमा उत्पादन हुने कच्चा जुटले माग धान्न नसक्ने र भारतबाट हुने आयातमा पनि सुधार नभएपछि उद्योगीहरूले बङ्गलादेशबाट जुटका अर्धतयारी धागो ल्याएर बोरा बुन्न थालेका हुन्।

भन्सार विभागले सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८२/०८३ को चैत मसान्तसम्मको तथ्याङ्क अनुसार, साउन महिनाको तुलनामा जुटको धागो (यार्न) आयात परिमाण दोब्बरले बढेको देखिएको छ भने अघिल्लो वर्षको तुलनामा यो वृद्धि झण्डै तीन गुणाले बढी हो।

विभागका अनुसार अघिल्लो आर्थिक वर्षको चैत मसान्तसम्म ५२१ मेट्रिक टन जुटको धागो आयात भएकोमा चालु आर्थिक वर्षको सोही अवधिमा एक हजार ४०६ मेट्रिक टन आयात भएको छ। यस हिसाबले यो वर्ष धागो आयातमा उल्लेख्य वृद्धि भएको देखिएको हो।

चालु आर्थिक वर्षको पहिलो महिना साउनमा नेपालमा कुल ६० हजार ६०० केजी जुटको धागो (सिङ्गल र मल्टिपल यार्न) आयात भएको थियो।

तर, चैत मसान्तसम्म आइपुग्दा यो परिमाण पाँच लाख २१ हजार २७६ केजी पुगेको छ।

साउन महिनामा भएको आयातलाई पछिल्ला आठ महिनाको आयातसँग तुलना गर्दा उद्योगहरूले कच्चा जुटको सट्टा अर्ध-तयारी धागो मगाउने क्रम झण्डै दुई गुणाभन्दा बढीले बढेको देखिएको हो।

गत साउनमा बङ्गलादेशबाट कच्चा जुट आयातको तुलनामा अर्ध तयारी जुटको धागोको हिस्सा २ दशमलव १ प्रतिशत रहेकोमा चैत महिनासम्म आइपुग्दा जुटको धागोको हिस्सा ४ दशमलव १ प्रतिशत पुगेको छ भने कच्चा जुटको हिस्सा ९७ दशमलव ९ प्रतिशतबाट घटेर ९५ दशमलव १ प्रतिशतमा आइपुगेको छ।

यसले नेपाली जुट मिलहरू 'स्पिनिङ' मिलबाट विस्तारै लुम डिपार्टमा परिणत हुन थालेको सङ्केत गरेको छ। कच्चा जुटसँगै यो वर्ष जुटको तयारी कपडा र बोराको आयातमा समेत वृद्धि देखिएको छ।

भन्सार तथ्याङ्कअनुसार चैत मसान्तसम्म छ लाख ८२ हजार ९८२ वर्गमिटर जुटको कपडा भारतबाट आयात भएको छ। कच्चा जुट नपाउँदा स्वदेशी उद्योगले माग अनुसार उत्पादन गर्न नसकेपछि बजारको आवश्यकता टार्न तयारी कपडा र बोराको आयात समेत बढाएका हुन्।

भन्सार विभागको तथ्याङ्क अनुसार चैत मसान्तसम्ममा नेपालले तीन करोड ८४ लाख १४ हजार ७७५ केजी कच्चा जुट आयात गरेको छ। यसका लागि नेपालबाट तीन अर्ब ८१ करोड ६५ लाख रुपियाँ बाहिरिएको छ।

**बुटवलमा डोजर :**

# एक दिन समय नदिई सामानसहित भत्काइए घर-टहरा

**बुटवल उप–महानगरपालिकाले सामान सार्न र घर भत्काएर काम लाग्ने सामान लैजान समेत नदिई हतारमा डोजर चलाएर आतंकित बनाई मानवताविरोधी काम गरेको विस्थापितहरूले गुनासो गरेका छन्।**

**लुम्बिनी संवाददाता**

*बुटवल*



सरकारी जग्गा खाली गराउने क्रममा बुटवल उप-महानगरले २४ घण्टा (एक दिन) समेत समय नदिई सामान सार्न र घर-टहरा भत्काएर लैजान नदिई आतंकित बनाएर अमानवीय व्यवहार गरेको विस्थापितहरुले गुनासो गरेका छन्।

बुटवल उप-महानगरले शनिबार साँझ अबेर घर-टहरा खाली गर्न माइकिङ गरेर १३ घण्टा नबित्दै बस्तीमा डोजर चलाएर आतंकित बनाउँदै अमानवीय र असहिष्णु व्यवहार गरेको उनीहरुले बताए।

माइकिङमा कति समयभित्र जग्गा खाली गर्नुपर्ने भन्ने यकिन जानकारी नदिइएकाले जग्गा खाली गर्न कम्तीमा एक-दुई दिन समय पाइएला भनेर आफूले ढिला नगरी सामान हटाउन सुरु गरे पनि नभ्याउँदै हतारमा डोजर चलाइएको भक्तराज बस्नेतले बताए।

उप-महानगरले हतार गरेर डोजर लगाएर घर-टहरा भत्काउँदा ९ परिवारका कति सामान क्षति भए भन्ने यकिन हुन नसकेको बस्नेतले जनाए।

'तीस वर्षदेखि बसेको घरबाट सामान हटाउन र वैकल्पिक व्यवस्था गर्न २४ घण्टाको समय पनि दिइएन, हामी जग्गा खाली नगर्ने पक्षमा थिएनौं,' बस्नेतले भने-'तर जग्गा नै उठाएर लैजालान् जस्तो गरेर सामान सारेर सक्न र घर भत्काएर काम लाग्ने सामान लैजान नदिई एकदम हतार गरेर डोजर चलाई सामानमा क्षति पुऱ्याई आतंकित बनाइयो।'

तत्कालीन सरकारले २०५१ सालमा आफूलाई ब्लड मनी स्वरुप दिएको एक कठ्ठा जग्गासहितको घरबाट अन्याय र अपमानपूर्वक हटाइएको खड्काको गुनासो छ। 'बिहान साढे ८ बजे नै पुलिससहित डोजर ल्याएर नचाउन थालियो,' बस्नेतले भने-'नगर प्रहरीले सामान निकाल्न सहयोग गर्छौं भनेर झुक्याएर एक्कासी डोजर हाने।'

उप-महानगरका जनप्रतिनिधिले आफूहरुसँग सम्पर्क गरेर के कसो गर्ने कुनै जानकारी नगराई बिचल्ली बनाएको बस्नेतको गुनासो छ।

'घर आफैं भत्काएर झ्याल, ढोका, टिन जस्ता काम लाग्ने सामान निकाल्छौं तीन घण्टा समय दिनुस्भन्दा पनि सुनेनन्।'-बस्नेतले भने।

२९ वर्षदेखि त्यहाँ बस्दै आएका तुल्सीराम रिजालले आफूहरुले कसैसँग किनेर घर बनाएर बसेको जग्गामा उप-महानगरपालिकाले विद्युत्, खानेपानी जस्ता सुविधा दिएको उल्लेख गर्दै, यदि बस्न नमिल्ने जग्गा भए उतिबेला किन बस्न दिएको भन्ने प्रतिप्रश्न गरे।

आफ्ना नगरवासीप्रति बुटवल उपमहानगर क्रूर र निर्दयी ढंगले प्रस्तुत भएको र मानवीय व्यवहार नगरेको रिजालले गुनासो गरे। 'हामी अव्यवस्थित बसोवासी हौं, सरकारले भनेपछि हट्थ्यौं, तर कम्तीमा पनि १५ दिन दिनुपर्थ्यो,' रिजालले भने-'राति आएर माइकिङ गरेको १३ घण्टामा सामान निकाल्दा निकाल्दै डोजर ल्याएर हाने, एउटा टिन पनि बचाउन सकिएन।'

अर्का विस्थापित लोकबहादुर कुँवरले २०४७ सालदेखि बस्दै आएको ठाउँबाट हटाउने बेला केही घण्टा समय माग्दा एक घण्टा पनि नदिएर उप-महानगरले निरंकुश चरित्र देखाएको गुनासो गरे।

केही घण्टा समय नदिँदा वासिङ मेसिन, दराज, बाकस निकाल्न नपाई नोक्सान भएको कुँवरले बताए।

प्रत्यक्षदर्शी प्राध्यापक अरुण क्षेत्रीले राज्यको जग्गा संरक्षण गर्ने कदम राम्रो भए पनि वर्षौंदेखि बस्दै आएकालाई हटाउन कम्तीमा एक हप्ता समय दिनुपर्ने बताए।

नागरिक अगुवा पदम कार्कीले स्थानीय सरकारले निकै छोटो समय दिएर तानाशाही शैलीमा शक्ति प्रयोग गरेको टिप्पणी गरे। सामान निकाल्न र वैकल्पिक व्यवस्था गर्न १३ घण्टाको समय निकै अपर्याप्त हुने कार्कीले बताए।

मानवअधिकार तथा शान्ति समाजका पूर्व केन्द्रीय सभापति गोबिन्द खनालले स्थानीय सरकार नगरवासीको जायज कुरा सुनेर अभिभावक बन्नुपर्नेमा जग्गा खाली गराउने क्रममा हतार गरेको देखिएको बताए। तत्कालीन लुम्बिनी अञ्चलाधीश कार्यालयको नाममा रहेको र पछि उच्च अदालत तुल्सीपुर बुटवल इजलासको नाममा भोगाधिकार दिइएको साविक कित्ता नं. ३९६ मा बनाएका ९ वटा घर टहरा आइतबार बिहान बुटवल उप-महानगरले डोजर लगाएर खाली गरेको छ।

तर उक्त कित्तामा बनेका सरकारी र निजी संघसंस्थाका संरचना के गर्ने भन्नेबारे जानकारी नभएको बुटवल उप-महानगरका प्रमुख प्रशासकीय अधिकृत दीपक ज्ञवालीले बताए।

संघीय सरकारले काठमाडौंका सुकुम्बासी बस्ती खाली गराउन सुरु गरेपछि स्थानीय सरकारहरु पनि अतिक्रमित सरकारी जग्गा संरक्षण गर्न थालेका हुन्। उक्त सरकारी जग्गामा बसेको बस्ती हटाउन २०७० सालमै स्थानीय दैनिक पत्रिकामा सूचना जारी गरिएको थियो। तर २०७४ र २०७९ को स्थानीय तह निर्वाचनबाट आएको नेतृत्वले भने लामो समयसम्म अतिक्रमित जग्गा खाली गराउन कुनै चासो दिएका थिएनन्।

## सीमानगरमा आधुनिक महिलामैत्री हाटबजार शिलान्यास

साढे तीन करोडमा बन्ने हाटबजारमा १९ सेडमा १६० व्यवसायी बस्न सक्नेछन्।



बुटवल। तिलोत्तमा नगरपालिका वडा नम्बर ४ सिमानगरमा साढे तीन करोड बढी लागतमा बन्ने आधुनिक र महिलामैत्री हाटबजार भवनको शिलान्यास भएको छ। तिलोत्तमा नगरपालिकाको ३० प्रतिशत र संयुक्त राष्ट्र संघको अफिस फर प्रोजेक्ट सर्भिसेजको ७० प्रतिशत लागत साझेदारीमा १७ कठ्ठा क्षेत्रफलमा नेपालकै नमूना हाटबजार बन्ने भएको हो।

हाटबजार भवनको शिलान्यास गर्दै नगर प्रमुख रामकृष्ण खाँणले महिला व्यवसायीलाई प्राथमिकता दिएर निर्माण गर्न लागिएको हाटबजार महिलामैत्री र नेपालकै नमूना हुने बताए। सिमानगर क्षेत्रलाई केन्द्र बनाएर निर्माण हुने हाटबजारले स्थानीयस्तरमा रोजगारी सिर्जना र आर्थिक चलायमान हुने उनले जनाए।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खुमलाल भुसालले १९ वटा सेडमा १६० व्यवसायी रहने बताए।

हाटबजारमा हरियाली, सार्वजनिक शौचालय, खानेपानी, पार्किङ, जेष्ठ नागरिकका लागि चौतारी, बालबालिकाका लागि बाल उद्यान, शान्ति सुरक्षाका लागि सिसिटिभीलगायतका आधारभूत सुविधा समेटिने उनले जनाए।

तिलोत्तमा ४ का वडाध्यक्ष दिलबहादुर क्षेत्रीले हाटबजार परियोजना सञ्चालनका लागि महिलाहरुलाई तालिमहरु सञ्चालन गरिएको र हाटबजार निर्माणले नदी कटानबाट बस्ती सुरक्षित हुने बताए।

कार्यक्रममा तिलोत्तमा नगरपालिका ४ का वडा सचिव काशी ज्ञवालीलगायतले आफ्ना भनाइ राखेका थिए। हाटबजार निर्माणको लागि मुक्ति कन्ट्रक्सन प्रालिले ठेक्का पाएर काम अघि बढाइसकेको सञ्चालक गोबिन्द पाण्डेले बताए।

हाटबजार निर्माणपछि किसानले आफ्ना कृषि उपज प्रत्यक्ष रूपमा बिक्री गर्न सक्ने वातावरण तयार हुने तथा स्थानीय आर्थिक गतिविधि पनि चलायमान हुने अपेक्षा गरिएको छ।

स्थानीय बासिन्दाले हाटबजार निर्माण सुरु भएकोमा खुशी व्यक्त गर्दै यसले किसान र साना व्यवसायीलाई राहत मिल्ने बताएका छन्।




## सम्पादकीय

# जबर्जस्तीले निम्त्याउने जोखिम

सरकार नागरिकको अभिभावक हो। सरकारका नागरिकप्रति दायित्व र जिम्मेवारी हुन्छन्। नागरिकका पनि अधिकार र कर्तव्य हुन्छन्। जब सरकारले नागरिकप्रति दायित्व र जिम्मेवारी भुल्छ त्यसबेला नागरिकलाई सरकारप्रति वितृष्णा हुन्छ। सरकारले गर्ने हरेक काम कुराप्रति अपनत्वभाव हुँदैन्। उनीहरुमा सरकारप्रति आक्रोश बढ्दै जान्छ। आक्रोशको ग्राफ बढ्दै जाँदा कुनै विन्दुमा विष्फोट हुन्छ, अन्ततः त्यसले समस्याको समाधान गर्ने भन्दा झनै समस्याको खाडल बढाउने काम गर्छ।

सरकारले काठमाडौंसहित देशका विभिन्न ठाउँको सुकुम्बासी बस्ती खाली गराउँदै छ। सरकारी जग्गा अतिक्रमण गरी बसेको, नदीको बहाव क्षेत्र अतिक्रमण गरी बसेका र सरकारले नै विगतमा बस्न दिएको परिवार पनि उठिवास भएको छ। सार्वजनिक सूचना दिएको २४ घण्टा नबित्दै बस्ती खाली गर भन्नु स्वभाविक भएन्। भलै सुकुम्वासीहरुले शान्तिपूर्वक बस्ती खाली गराएका छन्। सुकुम्वासी बस्तीको व्यवस्थापन आवश्यक थियो। सबैलाई एउटै डालोमा हालेर हेर्दा अहिले समस्या भएको हो। झट्ट हेर्दा सरकारले तीव्र ढंगले काम गरेको लाग्न सक्छ, तर यसका दुष्परिणामका आयाम धेरै हुनसक्छन्।

बुटवल दरबारलाइनमा बस्ने २६ घरपरिवारले सूचना पाएको २४ घण्टा पनि समय पाएनन्। सार्दै गरेका सामानको सुरक्षा गर्नु राज्यको दायित्व हो। सर्न अटेर गरे पो डोजर चलाउनु, सर्दै गर्दागर्दै डोजर चलाउनुले सरकारको निरकुंश शैली हो। सामान सार्नलाई केही घण्टा दिए के बिग्रन्थ्यो ? शनिबार साँझ बुटवलमा माइकिङ भयो, आइतबार बिहान डोजर आइपुग्यो। अझ पहिले सरकारले नै निर्णय गरेर बसेका भक्त बस्नेतको झुपडीमा पनि डोजर चलाइयो। शरीरमा गोली बोकेका छन्, २०४७ सालमा उनको शरीरमा लागेको गोली अझै छ, ती व्यक्तिले न्याय पाउनु पर्दैन् ?

सुकुम्वासी बस्तीमा डोजर चलाउन जुन हतार गरियो, धमाधम टहरा भत्काउँदा शहरी मध्यमवर्गबाट क्या राम्रो काम भन्ने प्रशंसाको स्वर सुनिन सक्छ।

तर दबिएका नागरिकको आवाज विस्तारै चर्को हुनेछ। विकल्प केवल बासको मात्रै होइन्, गाँसको पनि हो। बालबालिकाको शिक्षाको सवाल पनि छ। अहिले देखिएको चित्कारले कति परिवारमा मानसिक समस्या देखिन सक्छ। त्यो समस्याका बारेमा सरकारले के सोंचेको छ ?

सुकुम्वासी बस्तीमा अहिले तीन खालका व्यक्ति छन्। पहिलो भूमिहीन परिवार, जसको अन्यत्र केही जग्गाजमिन छैन। दोस्रो कतै जग्गाजमिन भएका, तर त्यो जग्गाजमिनमा बसेर जीविकोपार्जन सम्भव छैन। तेस्रो अन्यत्र जग्गाजमिन भएका व्यक्तिहरु। तेस्रो तहका सुकुम्वासी बाहेक राज्यले पहिलो र दोस्रो खालका सुकुम्वासीको व्यवस्थापनमा ध्यान दिनुपर्छ। पहिलो वर्गका परिवारका लागि मात्रै व्यवस्थापन गर्ने सोंचले राज्यको जिम्मेवारी पूरा हुँदैन।

# उपभोक्ता संरक्षण किन आवश्यक ?



गम्भीर बहादुर हाडा

> आपूर्तिकर्ता वा सेवाप्रदायक वा निर्माण व्यवसायीसँग सम्बन्धित निकायका अधिकार प्राप्त अधिकारीको मिलेमतोबाट हुने गरेको र त्यसक्रममा टेन्डर मूल्य वा युनिटमा मूल्य खाली राख्ने वा पछि संशोधन गर्न मिल्नेगरी राख्ने, टेन्डर खुलेपश्चात् सबैको अभिलेख जनाई एउटाको टेन्डर स्वीकृत गरिएपछि त्यसैसँग पुनः मूल्य किटान गरी लिनेजस्ता कार्य हुने गरेको पाइएबाट टेन्डर नियमित गर्ने सम्बन्धमा छुट्टै संयन्त्र निर्माण गरी पेस गर्दा त्यस्तो निकाय र माग गर्ने निकायमा एकैसाथ पेस गर्नुपर्ने गरी व्यवस्था गरिनुपर्छ।

प्रत्येक व्यावसायिक फर्मको बजारशास्त्र कार्यक्रम तथा रणनीति तर्जूमा गर्दा उपभोक्ताको सन्तुष्टि केन्द्रविन्दु बनाउनुपर्दछ। उपभोक्ताका आवश्यकता परिपूर्ति गरेर सन्तुष्ट गर्नका लागि बजारशास्त्रीले उपभोक्ताका व्यवहारमा राम्रो ज्ञान राख्नुपर्दछ। फर्मले तर्जूमा गरेको बजारशास्त्र कार्यक्रमप्रति अथवा प्रदान गरेका वस्तु एवं सेवाप्रति उपभोक्ताका 'के कस्तो धारणा रहेको छ ?' त्यसमा यथार्थ जानकारी हासिल गर्ने क्षमता बजारशास्त्रीमा हुनुपर्छ। यसका लागि उपभोक्ताको व्यवहारअन्तर्गत समावेश हुने सबै क्रियाकलाप क्रय, उद्देश्य, बानी-व्यवहार, क्रय प्रेरणा र प्रवृत्ति, क्रय तरिकामा सही विश्लेषण गर्नु अत्यावश्यक हुन्छ।

उपभोक्ता व्यवहार मुख्यतया व्यक्तिको मनोवैज्ञानिक वा व्यक्तिगत र सामाजिक व्यवहारसँग सम्बन्धित हुन्छ। अतः समाजशास्त्र, सामाजिक मनोविज्ञानअनुसार गरिएको धारणा एवं नियमले क्रेताको व्यवहारमा प्रभाव पार्ने तत्वको गहन र विस्तृत अनुसन्धान कार्य बजारशास्त्रका विद्वान एवं अभ्यासकर्ताले प्रारम्भ गरेका छन्। खासगरी, सन् १९६० को दशकदेखि मानवीय व्यवहारका विभिन्न पक्ष उपभोग भूमिकासँग आबद्ध गरेर अध्ययन अनुसन्धान गर्न सुरु गरियो। प्रा.ग्रसले उपभोक्ता क्रय उद्देश्यलाई भावावेशात्मक क्रय ध्येय, विवेकसम्मत ध्येय र र संवर्धन गरी तीन भागमा विभाजन गरेका छन्।

**उपभोक्ता व्यवहार एउटा बहुवर्षीय क्षेत्र हो,**

जो अध्ययनका विभिन्न क्षेत्रबाट लिइएको हुन्छ। अर्को शब्दमा यो व्यवहारात्मक विज्ञानबाट लिइएका धारणा एवं तत्त्व मानिसको उपभोग भूमिकामा प्रयोग गर्ने प्रक्रियासँग सम्बन्धित हुन्छ। बजारशास्त्रीले उपभोक्ताको क्रय व्यवहारको राम्रो जानकारी र विश्लेषण गर्नुपर्दछ किनकि फर्मको बजारशास्त्र कार्यक्रमप्रति क्रेताले 'कसरी व्यवहार गर्दछ ?' भन्ने कुराले फर्मको सफलतामा अत्यन्तै प्रभाव पार्दछ। कुन वस्तुले क्रेतालाई सन्तुष्ट गर्दछ ? उसले कहाँ, कहिले र कसरी गर्दछ ? आदि तत्त्वमा राम्रो ज्ञान प्राप्त गरेको बजारबास्त्री मात्र आफ्नो बजारशास्त्र रणनीतिप्रति उपभोक्ताको कस्तो दृष्टिकोण रहन्छ ? भन्ने सही पूर्वानुमान गर्नमा सक्षम हुन्छ। उपभोक्ता त्यस्तो समूह हो, जसले कुनै पनि व्यवसायिक संगठनको तथा व्यवसायीको सफलता वा असफलतामा निर्णायक भूमिका खेल्दछन्।

सामान्यतया उपभोक्ताले वस्तु खरीद गर्दा देखापर्ने बानी, व्यहोरा, इच्छा, आकांक्षा, वस्तुप्रति चाहाना तथा उनीहरूको मनोवैज्ञानिक विचारलाई नै उपभोक्ता व्यवहार भनिन्छ। परापूर्वकालमा जब बजारशास्त्रको क्षेत्र सीमित थियो, त्यस अवस्थामा प्रत्येक व्यवसायी प्रत्यक्ष रूपमा सम्बन्धित उपभोक्तासँग सम्बन्ध राखी ती उपभोक्ताको व्यवहारको जानकारीअनुसार वस्तु तथा सेवाको उत्पादन तथा आपूर्ति गर्ने गर्दथे। आज आएर बजारशास्त्रको क्षेत्र यति व्यापक भइसकेको छ, जसले गर्दा संसारको एक ठाउँमा रहेको व्यवसायीले अर्को ठाउँमा रहेको उपभोक्ताको व्यवहार बुझ्न परेको हुन्छ। प्रत्येक व्यवसायीले सम्बन्धित उपभोक्ताको व्यवहार बुझ्नका लागि ठूला-ठूला बजार अनुसन्धान कार्य सम्पन्न गर्नुपर्ने हुन्छ।

नेपाली कानुनले उपभोक्तालाई अधिकार प्रक्षेपण गरेको छ। ती अधिकार पहिलो, जीउज्यान सम्पत्ति र स्वास्थ्यमा हानी पुऱ्याउनेगरी वस्तु र सेवा बिक्रीबाट सुरक्षित हुन पाउने, दोस्रो वस्तु र सेवा आपूर्ति, मूल्य गुणस्तर, नियमनमा सूचित हुन पाउने, तेस्रो वस्तु र सेवा छनोट गर्न पाउने, चौथो, मर्काको विरुद्ध स्वच्छ तथा न्यायिक निकायबाट सुनुवाइ हुनुपर्ने, पाँचौं मर्काको विरुद्ध क्षतिपूर्ति पाउने, छैटौं उपभोक्ता शिक्षा पाउने अधिकार प्रदान गरेको छ। यी अधिकार नेपालले आफ्नो इच्छाले जारी गरेको नभई संयुक्त राष्ट्रसंघको सदस्य भएको नाताले सो संघको साधारणसभाबाट पारित भएको अनुबन्धअनुरुप जारी भएको हो। नेपालमा १२ वर्षअघि उपभोक्ता कानुन जारी भए पनि हालसम्म यसको प्रभावकारी कार्यान्वयन भएको अवस्था छैन।

वस्तु र सेवा नियमन गर्ने प्रभावकारी कानुन, निकाय र जनशक्ति निर्माण हुन अझै पनि सकेको छैन। नेपाल विश्वव्यापार संगठनको सदस्य हुनुअघि नेपाली आन्तरिक बजारलाई नियम गर्नेगरी तयार भएका कानुन काठमाडौं र शहरकेन्द्रित कार्यालय तिनमा रहेका अल्छी र जागिरे जनशक्ति र साधन स्रोत अभावले अहिले बजारमा रहेका वस्तु र सेवा नियमन हुन सकेको छैन। बजार नियम निकाय जति सक्रिय र प्रभावकारी हुन्छ, त्यति नै उपभोक्ताअधिकार संरक्षित हुन्छ, स्वच्छ व्यापार गर्ने व्यापारीको व्यापार फस्टाउँछ। नेपाली बजारमा सक्रिय नियमन अभावले सीमित व्यापारीबाट लुट भइरहेको छ। विश्व व्यापार संगठनका कारण एक वर्षपछि खुल्ला गर्नुपर्ने सेवा क्षेत्र केही कमजोर नियमनका कारण विदेशी व्यापारीको एकाधिकार र लुट गर्ने बजारका रूपमा बजार रूपान्तरण हुन लागेको छ। यस कुरामा सरकार बेखबरजस्तो देखिन्छ। प्रत्येक नागरिकलाई आफ्नो र सार्वजनिक सरोकारको कुनै पनि विषयमा सूचना पाउने वा माग्ने सूचनाको हक पनि राखिएको छ। तर यी हक उपभोक्ता अधिकारभित्रका विषयगत र खण्डे हकका रूपमा व्यवस्थित भएका छन्। यी हकले वस्तु र सेवाका सम्पूर्ण क्षेत्र समेट्न सकेका छैनन्। नेपाल पक्ष भएको सन् १९६६ मा संयुक्त राष्ट्र संघले पारित गरेको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध र सन् १९८५ मा पारित उपभोक्ता अधिकारसम्बन्धी अनुबन्धअनुरुप उपभोक्ता अधिकार संविधानमा व्यवस्थापन गर्नु राज्यको दायित्व हो।

नेपालमा लागू रहेको उपभोक्ता संरक्षण ऐनले उपभोक्तालाई नोक्सानीबाट जोगाउने उद्देश्य राखे पनि यसको प्रभावकारी कार्यान्वयनमा अझै कमजोरी देखिन्छ। बजार अनुगमन अभाव, मूल्यवृद्धि नियन्त्रणमा कमजोरी र ठगी गर्ने व्यापारीमाथि कडा कारबाही नहुनुले उपभोक्ताको विश्वास कमजोर हुँदै गएको छ। 'उपभोक्ता अधिकार दिवस'ले उपभोक्ता अधिकार संरक्षण आजको आवश्यकता भएको स्पष्ट सन्देश दिएको छ। यस अवसरमा उपभोक्तालाई सचेत गराउन व्यापक जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै ठगी नियन्त्रणका लागि कडा कानुनी व्यवस्था लागू गर्नुपर्ने आवश्यकता औंल्याइएको छ। साथै, उपभोक्तालाई आफ्नो अधिकार प्रयोग गर्न सहज बनाउने व्यवस्था, प्रभावकारी बजार अनुगमन र डिजिटल व्यापार व्यवस्थित गर्ने नीति आवश्यक रहेको सरोकारवालाको भनाइ छ। नेपालमा उपभोक्ता अधिकार प्रभावकारी संरक्षणका लागि नागरिक, सरकारी निकाय र व्यापारिक क्षेत्रबिच समन्वय आवश्यक छ। सबै पक्षको सामूहिक प्रयासबाट मात्र उपभोक्तालाई ठगी र शोषणबाट जोगाउँदै सुरक्षित तथा विश्वासयोग्य बजार वातावरण निर्माण गर्न सकिने विश्वास व्यक्त गरिएको छ।

आर्थिक वर्ष २०८२/८३ को सात महिनाको औसत मुद्रास्फीति १ दशमलव ९२ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिको औसत मुद्रास्फीति ४ दशमलव ८६ प्रतिशत थियो। राष्ट्र बैंकका अनुसार चालू आवको माघ मसान्तसम्ममा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत तरकारी उपसमूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक ११ दशमलव ६३ प्रतिशत, घ्यू तथा तेलको ७ दशमलव ६१ प्रतिशत र फलफूलको ७ दशमलव ४१ प्रतिशतले बढेको छ।

यस अवधिमा दाल तथा गेडागुडी उपसमूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक ५ दशमलव १९ प्रतिशत खाद्य तथा खाद्यजन्य पदार्थको २ दशमलव ९७ प्रतिशत र मरमसलाको २ दशमलव ६१ प्रतिशतले घटेको छ। गैरखाद्य तथा सेवा समूहअन्तर्गत भने विविध वस्तु तथा सेवा उपसमूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक २१ दशमलव ९८ प्रतिशत, शिक्षाको ७ दशमलव ४६ प्रतिशत, कपडाजन्य तथा जुत्ताचप्पलको ५ दशमलव २८ प्रतिशत, सुर्तीजन्य पदार्थको ४ दशमलव १५/प्रतिशत र मदिराजन्य पेन पदार्थको ३ दशमलव ८५ प्रतिशतले बढेको छ। सञ्चार उपसमूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचौक शून्य दशमलव शून्य ८ प्रतिशतले घटेको देखिएको छ। राष्ट्र बैंकका अनुसार चालू आर्थिक वर्ष २०८२-८३ को माघमा उपभोक्ता मूल्यवृद्धि २१ दशमलव ९८ प्रतिशतसम्म पुगेको छ। चालू वर्षको बितेको सात महिना कुनै अस्वाभाविक परिदृश्यका थिएनन्। फागुन अन्तिमतिर बाटमात्र खाडी युद्ध सुरु भएको हो।

यता, महँगी भने त्यसअघि नै सुरु भइसकेको थियो। नेपाल राष्ट्र बैंकको यो प्रतिवेदनअनुसार माघमा वार्षिक विन्दुगत मूल्यवृद्धि ३ दशमलव २५ प्रतिशत पुगेको भए पनि केही क्षेत्रमा २२ प्रतिशतसम्म वृद्धि भएको देखियो। यसमा गैरखाद्य तथा सेवा समूहअन्तर्गत विविध वस्तु तथा सेवा उपसमूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक २१ दशमलव ९८ प्रतिशतसम्म वृद्धि भएको छ। सेवा समूह भनेको होटल, रेस्टुरेण्ट, व्यक्तिगत सेवा, मनोरञ्जन, कार्यक्रम व्यवस्थापन, यातायातलगायत पर्छन्।

**नेपाली बजारमा देखिएका प्रमुख समस्या**

खाद्य पदार्थमा अखाद्य रसायन, रङ वा कमसल सामग्री मिसाउने प्रवृत्ति अझै व्यापक छ। कृत्रिम अभाव उत्पन्न गरेर बढी मूल्यमा वस्तु बिक्री गर्ने प्रवृत्ति विशेषगरी चाडपर्वका समयमा बढी देखिन्छ। डिजिटल वा साधारण तराजु बिगारेर कम तौल दिने घटना धेरै बजारमा भेटिन्छन्। खाद्यपदार्थ तथा औषधिमा म्याद सकिएपछि 'लेबल' मेटाएर पुनः बिक्री गर्ने घटना पनि बेलाबेला सार्वजनिक हुने गरेका छन्। विज्ञापनमा देखाइएको गुणस्तर र वास्तविक वस्तुको गुणस्तरबीच ठूलो अन्तर देखिन्छ।

मिसावट र गुणस्तरहीनता चरमरूपमा बढेको छ। दैनिक उपभोग्य वस्तु, जस्तै दूध, तेल, तरकारी, फलफूल, माछामासु र खाद्यान्नमा अखाद्य वस्तु मिसावट र विषादी प्रयोग व्यापक छ। मूल्यवृद्धि र कृत्रिम अभाव चरम समयमा आपूर्ति शृंखला नै बिग्रिएकोमात्र नभई सामान्य अवस्थामा पनि बिचौलियाका कारण वस्तुको मूल्य अचाक्ली बढाउने गरेको पाइन्छ। त्यस्तै, गुणस्तर र नापतौलमा समेत खेल्ने काम गरिन्छ। टेलिभिजन, रेडियो र विभिन्न सामाजिक सञ्जालमार्फत् वस्तुको गुणस्तरमा बढाइचढाइ गरिएका विज्ञापनले उपभोक्तालाई भ्रममा पारिरहेका छन्। अनलाइन सपिङमा 'अर्डर' गरेका सामान नआउने, आए पनि अर्कै वा गुणस्तरहीन आउने र फिर्ता गर्न गाह्रो हुनेजस्ता समस्या विकराल छन्।

नेपालमा उपभोक्ता अधिकार प्रभावकारी हुन नसक्नुका पछाडि निम्न कारण जिम्मेवार देखिन्छन्। उत्पादक र उपभोक्ताबिच ५-६ तहका बिचौलिया हुँदा किसानले उचित मूल्य नपाउने र उपभोक्ताले महँगोमा किन्नुपर्ने बाध्यता छ। सरकारी अनुगमन प्रायः अलि बढी अपौचारिकता निभाउने कार्यमै सीमित देखिन्छ। दोषीलाई कडा कारबाही गर्नुको सट्टा न्यून जरिवाना गरेर छाड्ने प्रवृत्ति छ। त्यसैले पनि हाम्रो बजार एकैखाले कसुरबाट जेलिएको छ। आमउपभोक्ता आफ्ना अधिकार र उजुरी गर्ने प्रक्रिया' जानकार छैनन्। 'जसोतसो चलिरहेकै छ' भन्ने मानसिकताले ठगी गर्नेलाई बल पुगेको छ।

क्षतिपूर्तिका लागि उपभोक्ता अदालत/जिल्ला अदालत वा क्षतिपूर्ति प्राप्त गर्न जाँदा लाग्ने समय र खर्चले गर्दा उपभोक्ता मुद्दा लड्न/उजुरी गर्न हिच्किचाउँछन्। उपभोक्ता ऐनद्वारा प्रदत्त हक अधिकार प्रचलनका लागि छुट्टै उपभोक्ता अदालत गठन गर्ने त्यस्तो अदालत गठन, स्वरुप र क्षेत्राधिकारसम्बन्धि ऐनको मस्यौदासमेत तयार गरिएको छ। आयातीत सामानको प्रभावकारी परीक्षणका लागि मुख्य भन्सार नाका तथा आयात बिन्दुमै साधनसम्पन्न प्रयोगशाला तथा क्वारेन्टाइन चेकपोस्ट स्थापना गर्नुपर्छ। प्रतिस्पर्धासम्बन्धी प्रस्तावित विधेयक परिमार्जन गरी तुरुन्त ऐनको रूप दिई लागू गरिनुपर्छ। सो ऐनले दण्डनीय बनाएका कसुरसँग सम्बन्धित मुद्दा हेर्ने क्षेत्राधिकारमाथि प्रस्तावित उपभोक्ता अदालतलाई नै सुम्पिनु समयसापेक्ष हुनेछ।

बोलपत्र वा बढाबढ क्षेत्रमा हुने धाँधली तथा अनियमितता मूलः आपूर्तिकर्ता वा सेवाप्रदायक वा निर्माण व्यवसायीसँग सम्बन्धित निकायका अधिकार प्राप्त अधिकारीको मिलेमतोबाट हुने गरेको र त्यसक्रममा टेन्डर मूल्य वा युनिटमा मूल्य खाली राख्ने वा पछि संशोधन गर्न मिल्नेगरी राख्ने, टेन्डर खुलेपश्चात् सबैको अभिलेख जनाई एउटाको टेन्डर स्वीकृत गरिएपछि त्यसैसँग पुनः मूल्य किटान गरी लिनेजस्ता कार्य हुने गरेको पाइएबाट टेन्डर नियमित गर्ने सम्बन्धमा छुट्टै संयन्त्र निर्माण गरी पेस गर्दा त्यस्तो निकाय र माग गर्ने निकायमा एकैसाथ पेस गर्नुपर्ने गरी व्यवस्था गरिनुपर्छ। विज्ञापनले पारेको दुष्प्रभाव रोक्न निश्चित मापदण्ड तयार गर्ने र गलत सूचना प्रभाव गर्ने विज्ञापनविरुद्ध कानुनी उपचार माग गर्न पाउनेगरी कानुनी व्यवस्था गरिनुपर्छ। संविधानप्रदत्त मौलिक हकको प्रचलनका लागि के कस्ताबाहेक अन्य सूचना नागरिकले पाउने हो ? सूचना नदिएमा के हुने ? सूचना प्राप्त गर्ने कार्यविधिसमेत किटान गरी सूचनासम्बन्धी कानुन र सरकारी क्रियाकलापलाई पारदर्शी बनाउने कानुन तर्जुमा गरी लागू गरिनुपर्छ।

राजधानीबाट

# नेपाली औषधि उद्योगः संकट चिरेर अर्थतन्त्रको 'सञ्जीवनी बुटी'

नेपालको जनसंख्या करिब तीन करोड भनिए पनि वास्तविक सक्रिय उपभोक्ता संख्या त्योभन्दा कम छ। करिब ८० लाख नेपाली विदेशमा छन्। जनसंख्या पलायनले घरेलु बजार अझ सानो हुँदै गएको छ। यस्तो अवस्थामा बजार विस्तार नगरी उद्योग संख्या बढाउनु दीर्घकालीन रूपमा घातक हुन्छ।

नेपाल अहिले फेरि एउटा राजनीतिक मोडमा उभिएको छ। नयाँ निर्वाचनपछि नयाँ सरकार गठन हुने प्रक्रियाले देशभरि एउटा आशा पनि जगाएको छ- अब विकासका मुद्दाहरूले प्राथमिकता पाउलान् कि भन्ने आशा। लामो समयदेखि नेपालको विकासलाई पछाडि धकेल्ने प्रमुख कारण राजनीतिक अस्थिरता नै रह्यो। सरकार परिवर्तनको निरन्तर श्रृंखला, नीतिगत अस्पष्टता, दीर्घकालीन आर्थिक दृष्टिकोणको अभाव र प्रशासनिक जडताले देशका धेरै उद्योगहरूलाई कमजोर बनाएको छ। यीमध्ये औषधि उद्योग पनि एक हो, जसले अहिले गम्भीर चुनौतीहरूको सामना गरिरहेको छ।

म लामो समयदेखि औषधि उद्योगसँग प्रत्यक्ष रूपमा जोडिएको व्यक्ति हुँ। यस क्षेत्रको वास्तविक अवस्था नजिकबाट देख्ने अवसर पनि मलाई प्राप्त भएको छ। त्यसैले आजको सन्दर्भमा मैले एउटा मूल प्रश्न उठाउन चाहन्छु- नेपालको औषधि उद्योगलाई देशको अर्थतन्त्रको 'संजीवनी बुटी' कसरी बनाउन सकिन्छ ?

**व्यवस्थाको स्थिरताका लागि आर्थिक आधार**

कुनै पनि राज्य व्यवस्था (चाहे त्यो लोकतन्त्र होस्, गणतन्त्र होस् वा अन्य कुनै शासन प्रणाली) आर्थिक रूपमा सबल नभएसम्म स्थिर रहन सक्दैन। सरकार चलाउन स्रोत चाहिन्छ, राजस्व चाहिन्छ, पूँजी परिचालन गर्न सक्ने क्षमता चाहिन्छ। जबसम्म अर्थतन्त्र मजबुत हुँदैन, तबसम्म राजनीतिक स्थायित्व पनि दीर्घकालीन हुन सक्दैन।

नेपालमा समस्या यहीँबाट सुरु भएको छ। हाम्रो राजनीतिक बहसमा आर्थिक विकासको प्रश्न प्राथमिकतामा कहिल्यै परेन। परिणामस्वरूप उद्योग, उत्पादन र लगानीका क्षेत्रहरू कमजोर भए। औषधि उद्योग पनि यही अवस्थाको एउटा उदाहरण हो।

**औषधि उद्योग किन संकटमा ?**

आज नेपालको औषधि उद्योग डगमगाइरहेको छ। यसको कारण के हो ?

पहिलो कारण हो- नीतिगत स्पष्टताको अभाव। सरकारले औषधि उद्योगलाई प्रबर्द्धन गर्ने कुनै स्पष्ट नीति बनाएको छैन। यदि कसैले सरकारसँग 'औषधि उद्योग विकास गर्ने नीति कहाँ छ ?' भनेर सोध्यो भने देखाउन मिल्ने एउटा पानाको दस्ताबेजसमेत छैन।

दोस्रो, समस्या बजार व्यवस्थापनसँग जोडिएको छ। अहिले सरकार नयाँ-नयाँ औषधि उद्योगलाई लाइसेन्स दिइरहेको छ। तर बजार विस्तार गर्ने कुनै रणनीति छैन। कुनै पनि व्यवसायमा माग र आपूर्तिको सन्तुलन बिग्रियो भने समस्या आउँछ नै। नेपाल जस्तो सानो बजारमा निरन्तर नयाँ कम्पनी थपिँदा प्रतिस्पर्धा अस्वस्थ हुने अवस्था बनेको छ।

नेपालको जनसंख्या करिब तीन करोड भनिए पनि वास्तविक सक्रिय उपभोक्ता संख्या त्योभन्दा कम छ। करिब ८० लाख नेपाली विदेशमा छन्। जनसंख्या पलायनले घरेलु बजार अझ सानो हुँदै गएको छ। यस्तो अवस्थामा बजार विस्तार नगरी उद्योग संख्या बढाउनु दीर्घकालीन रूपमा घातक हुन्छ।

**लक्ष्य बिना विकास असम्भव**

नेपालमा विकासको अर्को ठूलो समस्या के छ भने सरकारसँग स्पष्ट लक्ष्य नै हुँदैन। यदि हामी औषधि उद्योगलाई वास्तवमै विकास गर्न चाहन्छौं भने सबैभन्दा पहिले एउटा संस्थागत संरचना आवश्यक छ। मेरो सुझाव के हो भने 'औषधि प्रवर्द्धन बोर्ड' गठन गरिनुपर्छ। अहिले अनुमानित रूपमा नेपाली औषधि उद्योगले बजारको ४५-५० प्रतिशत हिस्सा ओगटेको छ। यदि सरकारले स्पष्ट लक्ष्य निर्धारण गरेर पाँच वर्षभित्र यसलाई ६५-७० प्रतिशत पुर्याउने योजना बनायो भने यो सम्भव छ। यसरी बजार हिस्सा बढ्यो भने कम्तीमा पनि १५ देखि २० अर्ब रुपैयाँ बराबरको बजार विस्तार हुनेछ। यसले उद्योगहरूलाई आर्थिक रूपमा स्वस्थ बनाउनेछ। उत्पादन बढेपछि रोजगारी बढ्छ, कर्मचारीको संख्या बढ्छ, त्यससँगै सरकारको राजस्व पनि बढ्छ।

सरकारले राजस्व बढाउने सबैभन्दा प्रभावकारी उपाय भनेकै उद्योग र व्यवसायलाई बढ्न दिनु हो। व्यवसाय बढ्यो भने कर आफै बढ्छ।

**मानसिकता परिवर्तन र मेडिकल टुरिजम**

हाम्रो अर्को ठूलो समस्या मानसिकता हो। हामी प्रायः नेपाललाई सानो बजार भएको देश भनेर निराश हुन्छौं। तर वास्तविकता के हो भने नेपाल सानो बजार मात्र होइन, ठूलो क्षेत्रीय बजारको केन्द्र पनि हो। नेपाल तीनतिरबाट भारतले घेरिएको छ। बिहार, उत्तर प्रदेश, पश्चिम बंगाल र उत्तराखण्ड, यी चार राज्य मात्र हेर्ने हो भने त्यहाँको जनसंख्या करिब ५० करोड पुग्छ। यो हाम्रो सम्भावित बजार हो।

**प्रश्न उठ्छ– हामीले यसलाई कसरी उपयोग गर्ने ?**

नेपालको स्वास्थ्य सेवा प्रणाली धेरै क्षेत्रमा छिमेकी भारतीय राज्यहरूको तुलनामा राम्रो छ। विशेष गरी आँखाको उपचार जस्ता क्षेत्रमा भारतबाट ठूलो संख्यामा बिरामी नेपाल आउने गरेका छन्। यदि सरकारले सही नीति बनायो भने मेडिकल टुरिजम नेपालका लागि ठूलो अवसर बन्न सक्छ। कल्पना गरौं- यदि भारतका ती ५० करोड जनसंख्यामध्ये वर्षमा दुई करोड मानिसलाई स्वास्थ्य सेवाका लागि नेपाल ल्याउन सकियो भने के होला ? ती बिरामीहरू यहाँ उपचार गर्न आउँछन्। उनीहरू अस्पतालमा बस्छन्, होटलमा बस्छन्, खाना खान्छन्, यातायात प्रयोग गर्छन्। यसको प्रभाव केवल अस्पताल वा औषधि उद्योगमा मात्र होइन, समग्र अर्थतन्त्रमा पर्छ।

मेडिकल टुरिजमको विकासले औषधिको माग पनि स्वाभाविक रूपमा बढाउँछ। भारतमा प्रत्येक वर्ष लाखौं विद्यार्थीले एमबीबीएस प्रवेश परीक्षा दिन्छन्। तर तीमध्ये सीमित संख्याले मात्र अध्ययनको अवसर पाउँछन्। नेपालले यदि आफ्नो मेडिकल शिक्षालाई व्यवस्थित रूपमा अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन गर्न सक्यो भने त्यो आफैंमा ठूलो आर्थिक स्रोत बन्न सक्छ।

**मूल्य नियन्त्रण नीति**

औषधि उद्योगलाई कमजोर बनाउने अर्को ठूलो कारण मूल्य नियन्त्रण नीति हो। नेपालमा करिब दुई दशकअघि औषधिको मूल्य नियन्त्रण गरिएको थियो। तर त्यसपछि त्यो नीति कहिल्यै समीक्षा गरिएन। २० वर्षअघि निर्धारण गरिएको मूल्यमा आज पनि औषधि बेच्नुपर्ने अवस्था उद्योगका लागि असहज छ। उत्पादन लागत, कच्चा पदार्थ, ऊर्जा, श्रम–सबै खर्च बढिसकेको छ। तर मूल्य उही छ भने उद्योग कसरी टिक्न सक्छ ?

सरकारले गुणस्तरमा कडाइ गर्नुपर्छ, तर मूल्य व्यवस्थापनलाई यथार्थपरक बनाउनु आवश्यक छ।

**नयाँ प्रविधि र उत्पादन**

नेपालमा अहिले धेरै कम्पनीहरू एउटै प्रकारका औषधि उत्पादनमा केन्द्रित छन्। यसले बजारलाई थप संकुचित बनाएको छ। सरकारले उद्योगलाई नयाँ क्षेत्रमा प्रवेश गर्न प्रोत्साहित गर्नुपर्छ। जस्तै, भ्याक्सिन, बायोलोजिकल उत्पादन आदि। यदि सरकारले बजार सुनिश्चित गरिदियो भने निजी क्षेत्र लगानी गर्न तयार छ। आवश्यक परे विदेशी प्राविधिक सहकार्य पनि ल्याउन सकिन्छ।

**लगानी वातावरण सुधार र प्रवासी नेपालीको पूँजी**

नेपालमा लगानी सम्मेलनहरू धेरै हुन्छन्। तर वास्तविक लगानी किन आउँदैन ? किनभने यहाँ भित्रै रहेका लगानीकर्ताहरू नै विश्वस्त छैनन्। यदि देशभित्रका उद्यमीहरूलाई विश्वास छैन भने विदेशी लगानीकर्ताले किन विश्वास गर्ने ? सबैभन्दा पहिले सरकारले आफ्नै नागरिकमा लगानी गर्ने आत्मविश्वास जगाउनुपर्छ। आज करिब ८० लाख नेपाली विदेशमा छन्। उनीहरू धेरै ठूलो धनाढ्य नहुन सक्छन्, तर उनीहरूसँग अनुभव, पूँजी र लगानी गर्ने क्षमता छ। यदि सरकारले स्पष्ट नीति बनाएर उनीहरूलाई नेपालमा लगानी गर्न सुरक्षित वातावरण दियो भने देशको आर्थिक संरचना परिवर्तन हुन सक्छ।

**निष्कर्ष**

नेपालमा समस्या मात्र छैन, सम्भावना पनि प्रशस्त छन्। हाम्रो भौगोलिक अवस्थिति, जनशक्ति, स्वास्थ्य सेवा र क्षेत्रीय बजार, यी सबै हाम्रो बलिया पक्ष हुन्। तर यी अवसरहरूलाई उपयोग गर्न स्पष्ट दृष्टिकोण, दीर्घकालीन नीति र स्थिर नेतृत्व आवश्यक छ। औषधि उद्योगलाई प्रवर्द्धन गर्ने नीति, मेडिकल टुरिजमको विकास, मूल्य नियन्त्रण नीतिको पुनरावलोकन, नयाँ प्रविधिमा लगानी र लगानीकर्तामा विश्वास जगाउने वातावरण, यी कदम चाल्न सके नेपालले औषधि उद्योगलाई आर्थिक विकासको महत्वपूर्ण आधार बनाउन सक्छ।

यदि सही नीति र प्रतिबद्धता भए भने औषधि उद्योग केवल एउटा औद्योगिक क्षेत्र मात्र होइन, नेपालको अर्थतन्त्रलाई बलियो बनाउने प्रमुख आधार बन्न सक्छ।

(सुधीर प्रकाश मास्के म्याग्नस फर्मास्युटिकल्सका कार्यकारी निर्देशक हुन्।)



**काफलको व्यापारः**
दाङको घोराही उप-महानगरपालिका-१५ स्थित दामोदर चोकमा आइतबार बिक्रीका लागि राखिएको काफल। तस्विर : कुलदीप न्यौपाने/रासस

# पूर्वाधारका दश योजना अलपत्र



स्याङ्जा । पूर्वाधार विकास कार्यालय स्याङ्जाबाट आर्थिक वर्ष २०८२/८३ मा निर्माण गरिने १० वटा योजना अलपत्र परेका छन् । योजनालाई बजेट व्यवस्थापन हुँदा समेत आवश्यक प्रक्रिया नपुगेपछि १० वटा योजनाहरु कार्यान्वयनमा लैजान नसक्दा अलपत्र परेका हुन् ।

१० वटा योजनाहरु अलपत्र हुँदा झण्डै १५ करोड बजेट फ्रिज हुने निश्चित छ । चालु आर्थिक वर्ष २०८२/८३ मा निर्माण हुने भनिएका १२१ योजनामध्ये १०३ वटा योजना कार्यान्वयनमा गएका छन् । ८ वटा योजना कार्यान्वयनमा लैजाने गरी मूल्यांकनको अन्तिम चरणमा पुगेको कार्यालयले जनाएको छ भने बाँकी रहेका १० वटा योजना कार्यान्वयनमा नगएसँगै अलपत्र परेको हो ।

अलपत्र परेका योजनामध्ये सबैभन्दा ठूलो झण्डै ६ करोड बजेटको ज्याग्दीखोला करिडोर रहेको कार्यालयले जनाएको छ । करिब चार करोड बराबरको ६ वटा योजना विवादका कारणले लागत अनुमानको चरणमै पुग्न सकेको छैन । तीन करोड लागतको बिरुवा-धोबादी हुँदै राङ्खोला जोड्ने सडक अलपत्र छ भने संशोधन र ठेक्का आव्हान गर्न नसक्नेमा झण्डै दुई करोडका दुई वटा गरी झण्डै १५ करोडका १० वटा योजना अलपत्र अवस्थामा रहेका छन् ।

ज्याग्दीखोला करिडोर र बिरुवा-राङ्खोला सडकखण्डलाई बहुवर्षीय योजना बनाउँन लाग्दा चालु वर्षमा निर्माण गर्न नसकिएको कार्यालयका निमित्त प्रमुख इञ्जिनियर गुरुदत्त अधिकारीले बताए । ६ वटा योजनाको फिल्ड विवाद छ भने अन्य दुई योजनामध्ये संशोधन गर्नुपर्ने र ठेक्कामा लैजान नसक्ने अवस्थामा रहेको अधिकारीले जानकारी दिए ।

कार्यान्वयनमा गएका योजनामध्ये चालु वर्षको ९ महिनाको अवधिमा कार्यालयले १० वटा योजना निर्माण सम्पन्न गरेको छ । सडक निर्माण कार्यक्रमतर्फ चार, सडक पुल निर्माण तथा संभारतर्फ तीन र झोलुङ्गे पुल निर्माणमा तीन वटा योजना सम्पन्न भएको जानकारी दिएको कार्यालयले बाँकी रहेका ९३ वटा योजना तीव्र रुपमा निर्माण भइरहेको जनाएको छ ।

१० वटा योजना कार्यान्वयनमा लैजान नसकेको पूर्वाधार कार्यालयको चालु र पुँजीगततर्फ नगन्य मात्रामा खर्च गरेको छ । चालु वर्षको ९ महिना (साउनदेखि-चैत्र) को अवधिमा करिब २७ प्रतिशत खर्च गरेको कार्यालयले चालुतर्फ करिब ५१ प्रतिशत खर्च गरेको कार्यालयले पुँजीगततर्फ करिब २७ प्रतिशत मात्रै खर्च गर्न सफल भएको कार्यालयका सूचना अधिकारी पोषराज पौडेलले बताए ।

एक अर्ब ९ करोड ८१ हजार कुल बजेटमध्ये कार्यालयले चालुतर्फ विनियोजित एक करोड ९७ लाख २९ हजारमध्ये ५१ दशमलव ३६ प्रतिशत अर्थात एक करोड एक लाख ३४ हजार खर्च गरेको छ । पुँजीगत शीषर्कको एक अर्ब ७ करोड तीन लाख ५२ हजारमध्ये २८ करोड ४९ लाख २५ हजारले हुने करिब २६ प्रतिशत मात्रै खर्च गरेको कार्यालयले जनाएको छ ।

गएको आर्थिक वर्ष २०८१/८२ मा झण्डै ३५ करोड विकास बजेट फ्रिज गरेको पूर्वाधार कार्यालयको पछिल्लो कामको गति हेर्दा चालु वर्षमा समेत ठूलो रकम फ्रिज जाने देखिन्छ । प्रदेश सरकारबाट जिल्लामा पूर्वाधार विकास निर्माणतर्फ प्रमुख जिम्मेवारी पाएको कार्यालयको विकास निर्माणमा देखाएको ढिलासुस्तीले गएको वर्षकै हाराहारीमा बजेट फ्रिज जान सक्ने शंका कोष तथा लेखा नियन्त्रक कार्यालय स्याङ्जाले गरेको छ ।

# कपिलवस्तु-३ का योजना खोज्दै सांसद पुनमकुमारी







कपिलवस्तु । प्रतिनिधिसभा सदस्य पुनमकुमारी अग्रवालले कपिलवस्तु क्षेत्र नम्बर ३ मा पुगेर क्षेत्रगत समस्याबारे जानकारी लिएकी छन् ।

क्षेत्रको कृष्णनगर नगरपालिकामा आयोजित छलफल तथा अन्तरक्रिया कार्यक्रममा उनले जनप्रतिनिधि, सुरक्षा अधिकारी, विभिन्न सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधि, स्थानीय बासिन्दाहरुसँग भलाकुसारी गर्दै क्षेत्रगत समस्याबारे जानकारी लिएकी हुन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले अग्रवाललाई कपिलवस्तु-३ मा हेर्ने गरी जिम्मेवारी तोकेको छ । पार्टीको जिम्मेवारी लिएपछि क्षेत्रमा पुगेकी अग्रवालले दिनभर स्थानीयहरुसँग रायसुझाव माग समेत गरेकी थिइन् । सो क्रममा सुरक्षा अधिकारीहरुले क्षेत्रगत र समग्र जिल्लाको शान्ति सुरक्षाका बारे जानकारी गराएका थिए भने स्थानीय तहका जनप्रतिनिधिले क्षेत्रमा गर्नुपर्ने योजनाबारे सांसद अग्रवाललाई अवगत गराएका थिए ।

सांसद अग्रवालले सरकारको मुख्य उद्देश्य नै भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने र जनचाहना अनुसार विकास गर्ने रहेको बताइन् । उनले कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार विकासका क्षेत्रमा स्थानीयले उठाएका विषयहरु आफूले टिपोट गरेको जनाउँदै विस्तारै ती समस्या समाधानमा पहल गर्ने जनाइन् ।

सीमा क्षेत्रबाट हुने अवैध कामलाई निस्तेज पार्नु पर्ने जनाउँदै सांसद अग्रवालले सरकारको स्प्रिट अनुसार प्रदेश र स्थानीय तहसँगै सबै कर्मचारीहरुले काम गर्नुपर्नेमा जोड दिइन् । रास्वपाले दलका आधारमा कसैलाई काखा र कसैलाई पाखा नगराउने जनाउँदै आफूहरुको उद्देश्य नै शुखी नेपाली र समृद्ध नेपाल रहेको जनाइन् ।

कुनै पनि कार्यालयमा सेवाग्राहीलाई दुःख दिने काम गर्न नहुने जनाउँदै अग्रवालले यसका लागि दत्तचित्त भएर काम गर्न कर्मचारीहरुलाई आग्रह गरिन् । आफूले क्षेत्रगत विकासका लागि पालिका तथा प्रदेश सरकारसँग समन्वय गरेर काम गर्ने उनको प्रतिबद्धता छ । क्षेत्रको विकासमा आवश्यक पर्ने बजेट विनियोजन र योजनाहरुको छनोटमा सबैको रायसुझाव लिएर अघि बढ्ने उनको भनाइ छ ।

रास्वपाको सरकार बनेपछि निजी क्षेत्र र आमसर्वसाधरणमा आशा पलाएको जनाउँदै अग्रवालले त्यो आशा र विश्वासलाई कहीकतै डगमगाउन नदिने प्रतिबद्धता व्यक्त गरिन् । सीमा क्षेत्र भएकाले सबै निकाय संवेदनशील भएर काम गर्नुपर्नेमा उनको जोड छ । विस्तारै निजी क्षेत्र चलायमान हुँदै गएको उनको भनाइ छ । किसानलाई मल र बिउ अभावले सधैं सताइरहने जनाउँदै यसको दीर्घकालीन समाधान गर्न सरकार लागिपरेको उनको भनाइ छ ।

मधेशी महिला तथा विपन्न र गरिब परिवारको उत्थानका लागि आफूले योजना बनाएर कार्यान्वयनका लागि तीन तहका सरकारसँग पहल गर्ने अग्रवालले बताइन् ।

कृष्णनगर नगरपालिकाका प्रमुख रजतप्रताप शाहले पूर्वाधार विकाससँगै मलबिउको समस्या समाधानका लागि पहल गर्न आग्रह गरे ।

यस्तै, सांसद अग्रवालले विजयनगर गाउँपालिका र शिवराज नगरपालिकामा पुगेर पार्टीका जिल्ला, क्षेत्र, पालिका र वडाध्यक्षहरुसँग छलफल गरेकी छन् ।

यसक्रममा आगामी प्रदेशसभा र स्थानीय तह निर्वाचन, क्षेत्रगत र पालिकास्तरीय विकासका योजनाबारे छलफल गरिएको थियो । पार्टीलाई बलियो बनाउँदै लैजानु पर्नेमा जोड दिँदै सांसद अग्रवालले क्षेत्रमा सबै समस्याहरु एकएक गरेर समाधान गर्न आफूले निरन्तर पहल गर्ने जनाइन् ।

# १२ सामुदायिक वनमा डढेलो

नेपालगञ्ज । बाँकेका दुई चक्ला वनसहित विभिन्न सामुदायिक वनमा डढेलो सुरु भएको छ । वन डढेलोका कारण वन्यजन्तुको बासस्थान सङ्कटमा पर्न थालेको जिल्ला वन डिभिजन कार्यालयले जनाएको छ ।

एक सातायतादेखि सुरु भएको वन डढेलोका कारण करिब चार हजार हेक्टर क्षेत्रफल प्रभावित भएको जिल्लास्थित डिभिजन वन कार्यालयका योजना अधिकृत सुशील सुवेदीले जानकारी दिए । उनका अनुसार शम्शेरगञ्ज माथेमा चक्ला वन, भुवरभवानी चक्ला वन, झिँझरी महिला सामुदायिक वन, राप्ती पीडित गुलरी सामुदायिक वनलगायत १२ वटा सामुदायिक वनमा डढेलो लागेको छ ।

डढेलो निभाउने प्रयास जारी रहेको जनाउँदै उहाँले भित्रभित्र वनमा लागेको डढेलो नियन्त्रणमा आउन नसकेको सुवेदीले उल्लेख गरे । जनशक्ति र स्रोत कम हुँदा समयमा डढेलो नियन्त्रण हुन नसकेको भन्दै उनले सोही कारणले क्षति भइरहेको बताए । उनका अनुसार जिल्लामा वन डढेलो नियन्त्रणमा लागि १४ जनाको डढेलो नियन्त्रण दस्ता निर्माण गरिएको छ । अहिले रहेको २००० लिटर क्षमताको ट्र्याक्टरले राजमार्ग आसपासका क्षेत्रमा मात्रै वन डढेलो निभाउन सकिएको उनले जानकारी दिए ।

डढेलो नियन्त्रणका लागि वनका भित्री भागसम्म जान सक्ने दमकल आवश्यक भएको उल्लेख गर्दै वन कार्यालयका योजना अधिकृत सुवेदीले बढ्दो खडेरीले भित्री क्षेत्रमा डढेलो झन बढेको उल्लेख गरे । "केही दिनभित्र पानी परेन भने वन डढेलो झनै बढ्ने खतरा छ ।"-उनले भने ।

जिल्लामा ५० हजार हेक्टर वन क्षेत्र रहेको वन कार्यालयका योजना अधिकृत सुवेदीले जानकारी दिए । वन डढेलो नियन्त्रण गर्न चेतनामूलक कार्यक्रम सञ्चालन गरिँदै आइएको उल्लेख गर्दै उनले केही गलत व्यक्ति र आचरणका कारण वनमा डढेलो लागेको बताए ।

यसैबिच सिक्टा नहरमा फसेको चित्तल मारेर खाएको आरोपमा तीन जनालाई पक्राउ गरिएको छ । पक्राउ परेकाहरूलाई वन कार्यालयको हिरासतमा राखेर अनुसन्धान भइरहेको वन कार्यालयका योजना अधिकृत सुवेदीले जानकारी दिए । उनका अनुसार अनुसन्धान भइरहेकाले निजहरूको नाम, थर गोप्य राखिएको छ ।

त्यस्तै स्थानीयले नहरमा फसेका चार वटा चित्तलको आइतबार उद्धार गरेका छन् । बढ्दो खडेरीका कारण नहरमा पानी खान पुगेका चित्तल पानी खाँदाखाँदै नहरमा फसेका थिए । हरलाफाँटा सामुदायिक वनका उपभोक्ताले ती चित्तलको उद्धार गरी कार्यालयमा बुझाएका डिभिजन वन कार्यालय बाँकेले जनाएको छ ।


## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना ।

सुमेधा सप्लायर्सले चिनबाट पैठारी गरेको निम्न वस्तुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि. नं. | मालवस्तुको विवरण | आकार/ प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मूलूक | इकाई | प्रति इकाई मूल्य | अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Air-Conditioner | Domestic | Audee | TSA-18SS-TPL | 18000BTU | China | Pcs | 1,05,200.00 | 1,06,000.00 | |
| 2 | Air-Conditioner | Domestic | Audee | TSA-24SS-TPL | 24000BTU | China | Pcs | 1,21,500.00 | 1,22,000.00 | |

बिक्रेताको नामः सुमेधा सप्लायर्स
ठेगानाः काठमाडौं-३२
एक्जीम कोड नं.: 6040976800113
फोन नंः 01-5455853, 9851183793

## न्यू बुटवल ए.सि. सप्लार्यस
बुटवल, नेपाल
फोन नंः ०७१ -४३८९४३

### अधिकतम खुद्रा बिकी मूल्य प्रकाशनको सूचना

न्यू बुटवल ए.सि. सप्लार्यसले चिनबाट पैठारी गरेको निम्न वस्तुको अधिकतम खुद्रा बिकी मूल्य MRP निम्न बमोजिम भएको व्यहोरा जानकारीको लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मुल वस्तुको विवरण | आकार /प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक | इकाई | प्रति इकाई मूल्य | अधिकतम खुद्रा विक्री मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Air-Conditioner | Domestic | Audee | TSA-12SS- TPL | 12000BTU | China | Pcs | 79,416.09 | 79,500 | |

बिक्रेता नामः न्यू बुटवल ए.सी.सप्लायर्स
ठेगाना : बुटवल, रूपन्देही
एक्जीम कोड 6038589810147
फोन न, 071-438943

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी



**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टेी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

रु.जि.हु.द.न.१३/०६३/०६४
२०८३ बैशाख १४ गते, सोमबार
Monday April 27, 2026
न.प.जि.प्र.का.द.न.४/०४५/०४६
दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# स्याङ्जाको कफी अन्तरिक्ष पुगेर फर्कियो



**प्रकाश डोटेल**
*स्याङ्जा*

कफी र सुन्तला उत्पादनमा जिल्लाकै अगुवा स्याङ्जाको पुतलीबजार नगरपालिका-११ मायाटारीका बोधराज अर्यालले उत्पादन गरेको कफीको बिउ अन्तरिक्ष पुऱ्याएर फर्काइएको छ। अरविका जातको कफीको बिउ जापान हुँदै अन्तरिक्षमा पुऱ्याएर करिब एक वर्षपछि पुनः जिल्ला फर्काइएको हो।

कृषक अर्यालको 'फार्मर्स प्यासन' ब्रान्डको अरविका कफीको बिउ नेपालमै पहिलो पटक अन्तरिक्ष पुऱ्याएर फर्काइएको बताइएको छ। अर्यालले २०८२ बैशाखमा जापान पठाएको कफीको बिउ साउनमा जापानिज वैज्ञानिकको सहयोगमा अन्तरिक्षमा पुगेको थियो। अन्तरिक्षमा पुगेको करिब आठ महिनापछि गत चैत १५ गते नेपाल फर्किएको बताइएको छ।

जापानबाट हाइड्रोजन बेलुनमार्फत् पठाइएको कफीको बिउ करिब २७ किलोमिटर उचाइसम्म पुगेको र त्यहाँ करिब तीन घण्टा रहेपछि पुनः पृथ्वीमा फर्किएको कृषक अर्यालका छोरा उवित अर्यालले जानकारी दिए। नेपालको झण्डासहित कफीको बिउ अन्तरिक्ष पुगेर फर्किएको उनले जनाए।

अन्तरिक्षबाट फर्किएको बिउ अर्यालले प्राप्त गरेपछि बैशाखको पहिलो हप्ता करेन्डाँडास्थित नर्सरीमा रोपिएको छ। जापानको ताकुशिमा विश्वविद्यालयले अनुसन्धानका लागि उक्त कफीको बिउ अन्तरिक्षमा पठाएको हो। अन्तरिक्षमा माइनस २८ दशमलव १ डिग्री सेल्सियस तापक्रमसम्म पुगेको उक्त बिउ पृथ्वीमा फर्किएपछि रोप्दा कस्तो परिवर्तन आउँछ भन्ने अध्ययनका लागि प्रयोग गरिएको कृषक बोधराज अर्यालले बताए।

रातो चेरी, पार्चमेन्ट र ग्रीन बिन गरी तीन प्रकारका २० ग्राम कफी बिउ अन्तरिक्ष पठाइएको थियो। पार्चमेन्ट कफीको बिउ अहिले नर्सरीमा उमार्न राखिएको छ भने रातो चेरी र ग्रीन बिनलाई प्रदर्शनीका रूपमा राखिने अर्यालले जानकारी दिए।

अन्तरिक्षको न्यून गुरुत्वाकर्षण र फरक वातावरणका कारण बिउको संरचना, विकास प्रक्रिया तथा उत्पादन क्षमतामा परिवर्तन आउन सक्ने अनुमान गरिएको छ। अन्तरिक्षबाट फिर्ता ल्याएको बिउ पृथ्वीमा रोप्दा बोटको वृद्धि, स्वाद र उत्पादनमा के-कस्तो फरक पर्छ भन्ने अनुसन्धानको मुख्य उद्देश्य रहेको अर्यालले सुनाए।

जापानिज वैज्ञानिकहरुको सहयोगमा बिउ अन्तरिक्षमा पठाएको जनाउँदै कृषक अर्यालले फिर्ता आएको बिउमा आउने परिवर्तन र फलको गुणस्तरका बारेमा जापानिजले नै अनुसन्धान गरिरहेको जनाए। अन्तरिक्षबाट फर्किएको बिउ नर्सरीमा रोपिएको र करिब ६० दिनभित्र उम्रने अपेक्षा गरिएको छ। उम्रिएका बिरुवालाई छुट्टै बगैंचामा रोप्ने तयारी भइरहेको उनले जानकारी दिए।

कृषक अर्यालले वार्षिक करिब एक टन कफी जापान निर्यात गर्दै आएका छन्। आफ्नै बगैंचाको उत्पादन र स्थानीयस्तरमा उत्पादित कफी खरिद गरी विगत १०-१२ वर्षदेखि जापानमा कफी निर्यात गर्दै आएको उनले जनाए। जापान निर्यात हुँदै आएको जिल्लाको कफी पछिल्लो समय यूरोपमा समेत निर्यात हुँदै आएको छ।

खुकुरी टी-ट्वान्टी कपः

# न्यू होराइजन र तिरूपति सेमिफाइनलमा




भैरहवा। न्यू होराइजन स्पोर्टस् क्लब र तिरुपति क्रिकेट क्लब पनि भैरहवामा जारी 'खुकुरी टी-ट्वान्टी कप-२०८३' को सेमिफाइनलमा प्रवेश गरेका छन्। आइतबार भएको खेलमा होराइजनले बुटवल युथ स्पोर्टस् क्लबलाई १ सय २३ रनको विशाल अन्तरले पराजित गर्दै सेमिफाइनल यात्रा तय गरेको हो। यस्तै, तिरुपतिले एमएसएमटी राम सीए गोरखपुरलाई ६ रनले पराजित गरेर सेमिफाइनल पुगेको हो। प्रतियोगितामा यसअघि लुम्बिनी खुकुरी क्लब र भरतपुर क्रिकेट एकेडेमी सेमिफाइनल पुगिसकेका छन्।

सिद्धार्थ क्रिकेट मैदानमा भएको पहिलो खेलमा टस हारेर ब्याटिङको निम्तो पाएको न्यू होराइजनले ६ विकेट गुमाएर २ सय ९ रन बनायो। जसमा अमर मिश्राले १ सय २० रनको शतकीय पारी खेले। यस्तै, आरिफ खानले ४२, तुलबहादुर थापाले अविजित १३ र डूस सुनारले ११ रन बनाए। बुटवल युथका निराजन भट्टराईले २ तथा सन्तोष कौसल र अजय चौधरीले १-१ विकेट लिए।

जवाफी ब्याटिङ गरेको बुटवल युथले १५ ओभर १ बलमा सबै विकेट गुमाएर जम्मा ८६ रन मात्रै बनायो। उसलाई सस्तैमा रोक्न होराइजनका प्रिन्स पाल र तुलबहादुर थापाले ३-३, निर्मल गुरुङले २ तथा आलिसन अधिकारी र सुरज खड्काले १-१ विकेट लिए। बुटवल युथका शिव कुँवरले २८, कृष्ण चापागाईंले १७, निजर भण्डारी र मनिष थापाले १२-१२ रन बनाए। अमर मिश्रा प्लेयर अफ द म्याच भए।

यस्तै, दोस्रो खेलमा टस जितेर ब्याटिङ गरेको तिरुपतिले ६ विकेट गुमाएर २ सय १८ रनको बलियो योगफल बनायो। उसका लागि आकाश त्रिपाठीले ६६, सार्दुल त्रिपाठीले ६१, इमरान शेखले ५३, तुलबहादुर थापाले अविजित १७ र दिनेश बोहराले ११ रन बनाए। बलिङमा एमएसएमटी राम सीएका राहुल सिंह र सन्दीप मित्तलले २-२ तथा अभिशेक दुवेले १ विकेट लिए।

प्रतिउत्तरमा एमएसएमटी राम सीएले ४ विकेट गुमाएर २ सय १२ रन बनायो। उसका लागि सन्दीप मित्तलले ७३, निखिल प्रतापले ५९, आदित्य पाण्डेले अविजित ४४ र आनन्द दुवेले १३ रन बनाए पनि जितका लागि पर्याप्त भएन। बलिङमा तिरुपतिका रमेश कुर्मी, वीरबहादुर घर्ती, मोहम्मद हुसेन र नरेश साउदले १-१ विकेट लिए। खेलमा आकाश त्रिपाठी प्लेयर अफ द म्याच भए।

लुम्बिनी खुकुरी क्लब, भैरहवाको आयोजनामा जारी प्रतियोगिताको विजेता टीमले नगद १ लाख ११ हजार १ सय ११ रुपैयाँ प्राप्त गर्ने छ भने उप-विजेताले ५५ हजार ५ सय ५५ रुपैयाँ, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्। साथै, म्यान अफ द सिरिजलाई १५ हजार रुपैयाँ तथा उत्कृष्ट ब्याट्सम्यान र बलरलाई जनही ५ हजार ५ सय रुपैयाँ तथा प्रत्येक खेलको म्यान अफ द म्याचलाई एक हजार ५ सय प्रदान गरिनेछ।

# सिद्धार्थ राजमार्गमा 'नो पार्किङ्'



स्याङ्जा। स्याङ्जाअन्तर्गत सिद्धार्थ राजमार्ग क्षेत्रमा सवारी साधनको चापले यातायात आवागमन तथा पैदल यात्रुहरुलाई असहज भएको भन्दै जिल्ला प्रशासन कार्यालयले जिल्लाभित्रका मुख्य बजार क्षेत्रमा 'नो पार्किङ्' को व्यवस्था गरेको छ। जिल्ला सदरमुकाम पुतलीबजार, बयरघारी, वालिङ र गल्याङलगायतका प्रमुख व्यापारिक केन्द्रमा राजमार्गमै सवारी साधन पार्किङ् गर्ने प्रवृत्ति बढेसँगै ट्राफिक व्यवस्थापन जटिल भएपछि प्रशासनले नो पार्किङको व्यवस्था गरेको हो।

स्थानीय प्रशासन, प्रहरी, ट्राफिक प्रहरी र यातायात व्यवसायीहरुको संयुक्त प्रयासमा शासकीय सुधारसम्बन्धी सरकारको १०० कार्यसूची कार्यान्वयनअन्तर्गत रहेको बुँदा नं. ९८ लाई कार्यान्वयन गर्ने भन्दै सार्वजनिक सवारी साधन व्यवस्थापनलाई व्यवस्थित बनाउन राजमार्ग क्षेत्रमा नो पार्किङको नीति लिएको हो।

राजमार्ग क्षेत्रमा अव्यवस्थित पार्किङ्का कारण ट्राफिक व्यवस्थापन दिनप्रतिदिन अस्तव्यस्त बन्दै गएको प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्यालले बताए। 'राजमार्ग साँघुरो हुनुका साथै खाल्डाखुल्डी धेरै छन्,' उनले भने-'त्यसमाथि सवारी साधन जथाभावी पार्किङ् गर्दा आवागमन थप जटिल बन्दै गएको थियो।' सुरक्षित र सहज यातायात सुनिश्चित गर्न प्रशासनको पहलमा नो पार्किङ् गरिएको उनले बताए।

स्याङ्जा र कास्कीको सिमाना कुभिण्डेदेखि स्याङ्जा र पाल्पाको सिमाना राम्दीसम्मको क्षेत्रमा साना तथा ठूला सवारी साधनको पार्किङ् पूर्ण रुपमा निषेध गरिएको छ। बजारभित्र पर्ने राजमार्ग क्षेत्रमा बिहान ८:३० बजेदेखि बेलुका ७:३० बजेसम्म लोड तथा अनलोड कार्यसमेत गर्न नपाइने नीति लागू गरिएको छ। दुर्घटना न्यूनीकरणलाई प्राथमिकमा राखेर नो पार्किङ् योजना अघि सारिएको प्रशासनले जनाएको छ।

निर्णय कार्यान्वयनपूर्व आवश्यक पूर्वाधारको अभाव रहेको भन्दै स्थानीयले नीतिको आलोचना गरेका छन्। यातायात व्यवसायीहरुले उचित विकल्प नदिई नो पार्किङ् लागू गर्नु व्यवहारिक नभएको बताएका छन्। स्थानीय तहहरुले जिम्मेवारी नलिदै सिधै पार्किङ् निषेध गर्नु गलत भएको यातायात व्यवसायी विमल अर्यालले बताए। 'हाम्रा सवारी साधन कहाँ पार्क गर्ने भन्ने स्पष्ट व्यवस्था छैन,' उनले भने-'पार्किङ् गर्ने स्थानको पहिचान गरेपछि मात्रै नो पार्किङको व्यवस्था गर्नुपर्ने थियो।'

जिल्लाका कुनै पनि स्थानीय तहमा हालसम्म बसपार्कको राम्रो व्यवस्थापन गरिएको छैन। गल्याङ नगरपालिकामा हालसम्म व्यवस्थित बसपार्क निर्माण हुन सकेको छैन भने वालिङ नगरपालिकामा बसपार्क निर्माणाधीन अवस्थामा छ। भीरकोटमा बनेको बसपार्क समेत अलपत्र अवस्थामा छ। पुतलीबजारमा रहेको बसपार्कसमेत व्यवस्थित नभएको स्थानीयको गुनासो छ।

जिल्लाका अन्य पालिकाहरुमा पनि व्यवस्थित बसपार्क तथा पार्किङ् स्थलको अभाव रहेको छ। राजमार्गको अवस्था दिनप्रतिदिन जीर्ण बन्दै गएको छ भने सडक साँघुरो हुनुका साथै खाल्डाखुल्डी धेरै हुनु र नियमित मर्मतको अभावले समस्या थपिएको यातायात व्यवसायीहरुको भनाइ छ। ग्रामीण क्षेत्रका जीप तथा साना सवारी साधनहरुले सामान लोड-अनलोड गर्नसमेत कठिनाइ भोग्दै आएको उनीहरुको गुनासो छ।

पूर्वाधारबिनै नो पार्किङ् लागू गर्नु समस्या समाधानभन्दा पनि समस्या थप्ने काम भएको भन्दै कतिपय व्यवसायीले चिन्ता व्यक्त गरेका छन्। उनीहरुका अनुसार यदि पार्किङ् निषेध गर्नैपर्ने हो भने त्यसअघि प्रत्येक पालिकामा व्यवस्थित बसपार्क वा पार्किङ् स्थल निर्माण गर्नुपर्ने आवश्यकता थियो।

राजमार्गलाई सहज र सुरक्षित आवागमन योग्य बनाउन आवश्यक कदम चालिएको प्रजिअ अर्यालले दाबी गरेका छन्। उनका अनुसार स्याङ्जा सदरमुकाम क्षेत्रमा रहेको माथिल्लो बसपार्कमा ठूला सवारी साधन र तल्लो बसपार्कमा साना सवारी साधन पार्किङ् गर्ने व्यवस्था मिलाइएको छ। भित्री सडकमा पार्किङ् गर्न सकिन्छ, तर मुख्य राजमार्गमा भने पार्किङ् गर्न नपाईने उनले स्पष्ट पारे।

यता, जिल्ला प्रहरी र ट्राफिक प्रशासनले नो पार्किङको व्यवस्था प्रभावकारी कार्यान्वयन भएमा ट्राफिक व्यवस्थापनमा सुधार आउने विश्वास व्यक्त गरेका छन्। तर, यातायात व्यवसायीहरुले भने तत्काल वैकल्पिक संरचना तयार नगरी लागू गरिएको नीतिले दीर्घकालीन समाधान नहुने बताइ रहेका छन्। सिद्धार्थ राजमार्ग स्याङ्जाको प्रमुख यातायात मार्ग भएकाले यसको स्तरोन्नति, विस्तार र आधुनिक पूर्वाधार विकास नभएसम्म यस्ता नीतिहरुले अपेक्षित परिणाम दिन कठिन हुने व्यवसायीको साझा धारणा छ।

# उचित मूल्य नपाएको केरा उत्पादक किसानको गुनासो



नवलपरासी। नवलपरासी (बर्दघाट सुस्ता पूर्व)मा व्यावसायिक केराखेती गर्दै आएका किसानले उत्पादन अनुसार उचित मूल्य नपाएको गुनासो गरेका छन्।

बजारमा उपभोक्ताले महँगो मूल्यमा केरा किन्नुपरेको भए पनि किसानले सस्तो मूल्यमा बेच्न बाध्य हुनुपरेको गुनासो गरेका छन्। मध्यविन्दु नगरपालिका-६, बरुवाका किसान दुर्गाप्रसाद भुर्तेलले उत्पादन अनुसार मूल्य नपाउँदा बिचमै व्यवसाय छोड्नुपर्ने अवस्था आएको गुनासो गरे।

विगत ३० वर्षदेखि केराखेती सुरु गरेका उनले नौ वर्षयता व्यावसायिक केराखेती गर्दै आएका छन्। "हाल केरा बेच्दा प्रतिकोसा पाँच, छ मात्रै पाइरहेका छौं। लागत, मेहनत र जोखिम हेर्दा यो मूल्यले त टिक्नै गाह्रो छ", भुर्तेलले भने-"रोग-किरा, हावाहुरी तथा असिनापानीका कारण उत्पादनमा समेत निरन्तर असर परिरहेको छ, जसले लागत झन् बढाएको छ।"

यस्तै, कावासोती नगरपालिका-१३ की फूलकुमारी महतोले अन्य बालीभन्दा राम्रो आम्दानी हुने अपेक्षासहित चार बिघा जमिनमा केराखेती गर्दै आए पनि उचित मूल्य नपाउँदा निराशा बढ्दै गएको बताइन्।

"लाखौं लगानी गरेर खेती गरेका छौं, तर सस्तोमा बेच्नुपरेको छ, तर बजारमा भने उपभोक्ताले महँगो तिरिरहेका छन्। बिचमा कसले फाइदा लिएको छ, बुझ्नै गाह्रो छ।"-उनले भनिन्।

कावासोती कृषिउपज थोक बजार व्यवस्थापन समितिका अनुसार केराको थोक मूल्य प्रतिदर्जन एक सय ३२ र खुद्रा मूल्य एक सय ५० सम्ममा बिक्री भइरहेको छ।

किसानले भने यही केरा प्रतिदर्जन ६० देखि ७२ सम्म मात्र पाउने गरेका छन्। किसान र उपभोक्ताबिचको यो ठुलो मूल्य अन्तरले बजार प्रणालीप्रति नै प्रश्न उठाएको छ।

बिचौलिया नियन्त्रण, उचित समर्थन मूल्य निर्धारण तथा प्रत्यक्ष बजार पहुँच सुनिश्चित गर्नसके आफूहरूलाई राहत मिल्ने किसान दुर्गाप्रसाद भुर्तेलले जनाए। समयमै प्रभावकारी नीति नल्याए केराखेतीप्रति किसानको आकर्षण घट्ने जोखिम रहेको उनले बताए।

कृषि विकास कार्यालयका सूचना अधिकारी सञ्जय ढकालका अनुसार जिल्लामा हाल पाँच सय ५१ हेक्टर क्षेत्रफलमा केराखेती हुँदै आएको छ। उत्पादन बढ्दो क्रममा रहे पनि बजार व्यवस्थापन र मूल्य निर्धारणमा भने असन्तुलन रहेको उनको भनाइ छ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो. ९८५७०३५३८०, ९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

शान्ति र सद्भाव कायम गरौं।
- शान्ति, अहिंसा र करुणालाई जीवनमा अपनाऔं,
- द्वेष, हिंसा र घृणालाई त्यागी मेलमिलाप र सहिष्णुता बढाऔं,
- सत्य, सदाचार र नैतिक मार्गमा हिँडौं,
- सबै प्राणीप्रति दया, प्रेम र सहानुभूति राखौं,
- मद्यपान, लागूपदार्थ तथा नकारात्मक बानीबाट टाढा रहौं,
- समाजमा शान्ति, सद्भाव र एकताको वातावरण निर्माण गरौं,
- ध्यान, साधना र आत्मचिन्तन मार्फत सकारात्मक जीवनशैली अपनाऔं,
- बुद्धका सन्देशहरूलाई नयाँ पुस्तासम्म पुऱ्याऔं,
- सरल, संयमित र अनुशासित जीवन जिउन प्रेरित होऔं।
नेपाल सरकार विज्ञापन बोर्ड

प्रो. मञ्जु एण्ड सन्स
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही



स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरु नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरुमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com